# संविधानसभामा समावेशी प्रतिनिधित्त्व !



**– बृषेश चन्द्र लाल**

ऐतिहासिक र अभूतपूर्व जनआन्दोलनको प्रमुखतम एजेण्डा संविधानसभाका सम्बन्धमा सम्पूर्ण देश गहन छलफलमा व्यस्त छ । मधेस, पहाड र हिमालका सम्पूर्ण नेपाली अत्यन्त सक्रियता र महत्त्वाकांक्षाका साथ यस बहसमा सहभागी भइरहेका छन् । यस्तो राष्ट्रीय बहस अस्वाभाविक होइन किनभने जनआन्दोलनद्वारा अभिव्यक्त जनादेशहरु मध्ये सबभन्दा महत्त्वपूर्ण जनादेश वयस्क मताधिकारको आधारमा निर्वाचित संविधानसभा मार्फत भावी नेपालको स्वरुप निर्धारण गर्नु हो । संविधानसभामा नै भावी नेपालको सम्पूर्ण बिम्ब सन्निहित छ तथा आन्दोलनकारीहरुका भावना अनुरुपका सबै क्रान्तिकारी परविर्त्तनहरुको वाहक यही हुन सक्तछ । संविधानसभा त्यो राष्ट्रीय भावनाको मूर्त्त रुप हो जसले सम्पूर्ण जनताको प्रतिनिधित्त्व गर्दै राष्ट्रको अगाडि व्यक्ति अथवा समूह विशेषको कुनै पनि किसिमको विशिष्टताको वकालतलाई ठाढै अस्वीकार गर्दछ तथा जनसर्वोच्चताको सत्य-तथ्यको उद्घोष गर्दै जनताद्वारा निर्मित विधि बिरुद्ध कुनै पनि व्यक्ति वा ताकतको अस्तित्त्वलाई नकार्दछ । २३७ वर्षिय शाहवंशीय शासनबाट मुक्ति र लोकतान्त्रिक गणतन्त्र नेपालमा शान्तिपूर्ण रुपान्तरणको यही एक मात्र साधन हो । यसैबाट भएको निर्णय माओवादी सशस्त्र जनयुद्धलाई टुङ्ग्याउनुका साथै देशमा दिगो शान्तिको स्थापना गर्न सक्तछ । शदीयौंदेखि आपत्तिजनक विभेदकारी स्थितिमा बस्दै आएका मधेसी तथा पहाडी जनजाति एवं दलितहरुलाई तिनका राजनैतिक, सामाजिक र आर्थिक लगायत समग्र समस्याहरुलाई सम्बोधित गर्दै स्वायत्त संघीय शासन मार्फत सम्मानजनक समावेशी लोकतान्त्रिकक अभ्यासको भूमि तयार गर्न सक्तछ । त्यसकारण सम्पूर्ण नेपाली समाजमा संविधानसभाको बारेमा उत्सुकता तथा यस ऐतिहासिक संवैधानिक क्रान्तिमा शरीक भइ योगदानकारी भूमिकाको उत्कट आकांक्षा हुनु उचित र स्वाभाविक हो ।

तर के देशमा अहिले चलिरहेको बहसले संविधानसभाको भूमिकालाई युगान्तकारी बनाउने भूमिका खेल्न सक्तछ ? यी बहसहरुबाट निस्किरहेका निष्कर्षहरु देशका राजनैतिक ताकतहरुका लागि उत्सुकताका विषय भइरहेका छन् ? अथवा तिनमा सुसुप्त रुपमा निर्धारित मानसिकतालाई मन्थित गरी नयाँ नेपालका लागि नेतृत्त्वदायी शक्तिमा परिवर्त्तन गर्ने साधनको रुपमा यो देखा पर्न सकेको छ ? हालका घटनाहरु तथा देशको राजनैतिक परिवर्त्तनको दिशामा देखिएका प्रवृतिहरु यसबारे प्रशस्त शंका गर्ने अवसर प्रदान गरेको छ । हालसालै अषाढ २ गते हतार-हतारमा सम्पन्न माओवादी र संसदीय दलका शिर्ष नेताहरु बीच भएको शिखर वार्ताले यसको पुष्टि गरेको छ ।

नेपाली जनतामा मुक्तिको असीम चाहना भए पनि प्रतिगमन बिरुद्ध विगत ४ वर्षदेखि जारी जनआन्दोलनले नेपाली जनताको सहभागितापूर्ण समर्थन बाह्रबूँदे सहमति सार्वजनिक भए पछि मात्र पायो । जनतामा संसदवादी दलहरुले जनताको विश्वास गुमाइसकेको थियो भने माओवादीहरुले अख्तियार गरेको सशस्त्र जनयुद्धको बाटो शान्तिकामी नेपालीका लागि ग्राह्य थिएन । तर माओवादी र संसदीय दलहरुबीच भएको बाह्रबूँदे सहमति बाहिर आउनासाथ स्थितिमा मौलिक परिवर्त्तन भई युगान्तकारी जनविद्रोह सम्भव भएको थियो । त्यसका कारणहरुलाई निम्न बूदाँहरुबाट व्यक्त गर्न सकिन्छ -

- किनभने माओवादीहरु प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक पद्धतिमा विश्वास गरेका थिए र यसबाट उनीहरु ससम्मान राजनीतिको लोकतान्त्रिक मूलधारमा समावेश हुन चाहेको स्पष्ट भएको थियो । दिगो शान्ति स्थापनाको यस महत्त्वपूर्ण मौकालाई नेपाली जनताले राम्ररी पहिचान गर्न सफल भएका थिए ।
- सारा समस्याहरुको समाधान निर्वाचित संविधानसभाको निर्णय अनुसार हुने भन्ने कुरामा संसदवादी दलहरु र माओवादीले प्रतिबद्धता जनाएका थिए जसले नेपालमा निरंकूश राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापनाप्रति जनतालाई आश्वस्त बनाएको थियो ।[♣]
- निर्वाचित संविधानसभाबाट निर्मित संविधानबाट देशमा भेदभावपूर्ण अवस्थामा बस्न बाध्य मधेस र पहाडका जनजाति तथा दलितहरुको समस्यालाई सम्बोधित गर्दै स्वायत्तता प्राप्त प्रान्तहरुको गठन र संघीय शासनमा जाने कुरामा सबै राजनैतिक दलहरुले जनतालाई विश्वास दिलाएका थिए ।[♦]

तर जनआन्दोलनको सफलतापछि संसदीय दलहरु र माओवादी पनि संविधानसभाको विषयमा गम्भीर देखिंदैनन् । बहसहरु चलिरहेका छन् तर ती बहसहरुलाई यी राजनैतिक दल र शक्तिहरु खासै महत्त्व दिइरहेको पटक्कै देखिन्न । माओवादीहरुले राजनैतिक सम्मेलनबाट स्रविधानसभाको गठन र संविधान निर्माणको प्रक्रिया तय गर्ने र त्यसपछि

[♣] हेर्नोस् माओवादी र संसदवादी दलहरुबीच भएका सहमतिहरु

[♦] हेर्नोस् राज्यको पुर्नसंरचनाका सम्बन्धमा माओवादी लगायत राजनैतिक दलहरुका प्रस्तावहरु ।

अन्तरिम सरकारको माध्यमबाट अगाडि बढ्ने स्पष्ट संकेत दिएका थिए भने राजनैतिक दलहरु जनतामा आन्दोलनको बलमा प्रतिनिधिसभाको पुनर्स्थापनापछि स्रविधानसभा सम्बन्धी सम्पूर्ण प्रक्रियाहरुको निर्क्यौल प्रतिनिधिसभाबाट हुने विश्वास बाँडेको थियो । जनआन्दोलनबाट पुनर्स्थापित प्रतिनिधिसभाको घोषणाको दफा १को उपदफा (२)मा संविधानसभाको मार्गमा अघि बढने प्रक्रिया प्रतिनिधिसभाले तय गर्ने स्पष्टसंग उल्लेख गरिएको छ । तथापि माओवादी र संसदवादी नेताहरुको शिर्षवार्ताले यस महत्त्वपूर्ण विषयलाई गम्भीरतापूर्वक लिएको देखिँदैन । माओवादीहरु राजनैतिक सम्मेलनको कुरालाई परित्याग गरी सोझै अन्तरिम सरकारमा जाने कुरामा सहमति देखाएका छन् भने प्रतिनिधिसभाको बिघटनको माग गरिएको छ । संसदवादी दलहरुका शिर्ष नेताहरु प्रतिनिधिसभाको बिघटनको मागलाई मान्न सकिने लचकता देखाइरहेका छन् र प्रतिनिधिसभाको बैठकलाई तात्काल स्थगित पनि गरिएको छ ।

यस्तोमा संविधानसभाको प्रक्रिया, गठन विधि र कार्यप्रणाली कसले तय गर्ने ? के यस सम्बनधमा पनि कुनै सम्झौता भइसकेको छ ? यदि हो भने त्यसलाई सार्वजनिक किन गरिन्न ? सार्वजनिक गर्ने बित्तिक्कै जनविद्रोह हुने डर त छैन ? त्यसो भए संविधानसभाको गठन र कार्य प्रक्रियाको सम्बन्धमा अवश्य पनि कुनै अपवित्र सहमति भएको छ जसलाई संसदवादी दलहरु र माओवादी समेत सार्वजनिक गर्न चाहँदैनन् । स्पष्ट छ, त्यस्तो सहमति निश्चय नै गणतन्त्रका लागि आफूलाई होम्ने जनताको आकांक्षा र शहीदहरुका रगतको पुकार बिरुद्ध हुनेछ ।

संविधानसभाको गठन विधि र कार्यप्रणाली शोषित पिडित मधेस र पहाडका जनजाति तथा दलितहरुको भावना अनुरुपको हुनु पर्दछ । समावेशी लोकतन्त्रका नारा दिने माओवादी लगायतका राजनैतिक दलहरु मधेस र पहाडका जनजाति र दलितहरुलाई खाए खा नत्र गिड भन्ने स्थितिमा पार्नु हुन्न ।

## कस्तो हुनु पर्छ प्रतिनिधित्त्व ?

संविधानसभाको चुनावमा प्रतिनिधित्त्वको व्यवस्था भोलीको नेपालको व्यवस्थापिका तथा अन्य क्षेत्रमा हुने प्रतिनिधित्त्वको प्रणालीको पूर्वाभ्यास हुनेछ । त्यसकारण भोलीको नेपालका निर्माताहरु यदि वास्तवमा नेपालका राजनैतिक, सामाजिक र आर्थिक क्षेत्रमा समावेशीकरण चाहन्छन् भने यसको इमानदार पूर्वाभ्यास संविधानसभाकै प्रतिनिधित्त्वमा व्यवस्थित गरेर देखाउनु पर्दछ र त्यो पनि प्रक्रियागत कुराहरुको पूर्ण विवरण पहिले अनिवार्य रुपमा सार्वजनिक गरी जनतामा यसबारे पूरै छलफल गराएर । संविधानसभाको निर्वाचन बारम्बार हुने कुरो होइन । व्यवस्थापिका जस्तो यसको निर्वाचन ५ वर्ष वा कुनै निश्चित अवधिमा हुने गर्ने पनि होइन । त्यसकारण यस्तो महत्त्वपूर्ण ऐतिहासिक अभ्यासबाट कोही वंचित गराइनु अथवा प्रतिनिधित्त्वको पर्याप्त र उचित अवसर नपाउनु सरासर अन्याय नै हुनेछ । फेरि संविधानसभामा हुने सार्थक प्रतिनिधित्त्वले नै संविधानमा त्यस वर्ग, क्षेत्र वा जाति विशेषको हितको संरक्षण गर्न सक्छ । तेसैले संविधानसभामा प्रतिनिधित्त्वको सवाल अति महत्त्वपूर्ण छ । यसलाई टालटुल गरेर काम चलाउन सकिन्न ।

त्यसकारण अपेक्षित प्रतिनिधित्त्वको स्वरुप कस्तो हुनु पर्छ त्यसको निर्क्यौल पहिले नै हुनु आवश्यक छ र यो राजनैतिक क्षेत्रको महत्त्वपूर्ण जिम्मेवारी हो । प्रतिनिधित्त्वको प्रक्रियाबारे ठोस तथा तर्कसंगत न्यायोचित प्रस्ताव आउनु पर्दछ । अहिलेसम्म संविधानसभामा प्रतिनिधित्त्वको सवालमा देखिएका आम सहमतिहरु निम्नानुसार छन् –

- संविधानसभामा प्रतिनिधित्त्वको प्रणाली पूर्णतः लोकतान्त्रिक मान्यतामा आधारित हुनु पर्दछ ।
- प्रतिनिधित्त्व समान औसत जनसंख्याको आधारमा हुनु पर्दछ अर्थात प्रत्येक निर्वाचन क्षेत्रको मतदातासंख्या लगभग बराबर हुनु पर्दछ ।
- प्रतिनिधित्त्व समावेशी अर्थात क्षेत्र, वर्ग, लिङ्ग र जातिको आधारमा चित्त-बुझ्दो हुनु पर्दछ ।
- संविधानसभामा प्रतिनिधित्त्व गर्ने व्यक्ति नयाँ संविधानको सन्दर्भमा जनताको चाहना र जनआन्दोलनको भावनाप्रति समर्पित हुनु पर्दछ ।
- संविधान निर्माणको प्रक्रियामा संविधानसभामा प्रतिनिधित्त्व गर्ने व्यक्ति तात्त्विक योगदान गर्न सक्ने तथा आफूले प्रतिनिधित्त्व गर्ने क्षेत्र, वर्ग, लिङ्ग वा जातिको स्वरलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्ने हुनु पर्दछ ।

माथि उल्लेखित बूँदाहरुप्रति असहमति जनाउने घोर वर्चस्ववादी मात्र हुन सक्छन् । त्यसकारण भावी संविधानसभामा प्रतिनिधित्त्वको सन्दर्भमा कुनै निर्णयमा पुग्न यीनै बूँदाहरुलाई आधारमा राखेर विचार गर्नु पर्दछ । यस सन्दर्भमा प्रस्तावित केही धारणाहरुका बारेमा विचार गरौं –

१. <u>समावेशीकरणको सिद्धान्तको आधारमा मनोनयनको प्रस्ताव</u> : बहसका प्रारम्भिक चरणमा केही व्यक्ति र संस्थाहरुले संविधानसभाको शिघ्र निर्माणका लागि समावेशीकरणको सिद्धान्तको आधारमा क्षेत्र, वर्ग, लिङ्ग र जातिको आधारमा प्रतिनिधिहरुको मनोनयनको प्रस्ताव राखेका थिए । तर यस प्रकारको प्रस्ताव सतही र हडबडमा आएको असंगत सल्लाहको रुपमा देखियो । यसले लोकतान्त्रिक सिद्धान्तको खुल्लमखुल्ला उल्लंघन त हुन्छ नै कसले र कुन अधिकारबाट जनताको तर्फबाट यस्तो ऐतिहासिक कार्यका लागि मनोयन गर्ने भन्ने गम्भीर प्रश्न पनि खडा हुन्छ ।

२. <u>**वर्त्तमान पुनर्स्थापित प्रतिनिधिसभा र राष्ट्रीयसभालाई नै संविधानसभाको रुपमा मान्ने प्रस्ताव**</u> : यो प्रस्ताव पनि पहिले झैं सतही र असंगत छ किनभने वर्त्तमान प्रतिनिधिसभाको पुर्नस्थापन जनताको सर्वोच्चतालाई प्रतिष्ठापित गर्न भएको हो । यसलाई जनताले संविधान बनाउने जनादेश दिएर निर्वाचित गरेको होइन । अहिले निर्वाचन भयो भने प्रतिनिधिसभाको यो बनौट देखिंदै देखिने छैन । फेरि संविधानसभामा प्रतिनिधित्त्वका लागि नेकपा माओवादीहरुले पनि जनताका अगाडि आफूलाई प्रस्तुत गर्ने अवसर पाउनु पर्दछ ।

३. <u>**प्रतिनिधिसभाको वर्त्तमान निर्वाचन प्रणालीकै आधारमा २०५ जना संविधानसभाका सदस्यहरुको चुनावको प्रस्ताव**</u> : यो प्रस्ताव पनि एकदमै उपयुक्त छैन किनभने प्रतिनिधिसभाको वर्त्तमान निर्वाचन प्रणाली गम्भीर रुपमा त्रुटि पूर्ण छ । कहीं ९,५८७ (मनाङ) जनसंख्याले एकजना प्रतिनिधिसभाको सदस्य छान्न पाइरहेको छ भने कहीं १,५७,३४९ जनसंख्यामा एकजना छानिन्छन् ।[†] राजनैतिक दलहरुले उम्मेदवार बनाउने बेलामा समावेशीकरणको सिद्धान्तको आधारमा क्षेत्र, वर्ग, लिङ्ग र जातिको आधारमा उम्मेदवार बनाउने परम्परा छैन । कानूनी अनिवार्यता पनि भइसकेको छैन ।

४. **समानुपातिक प्रतिनिधित्त्वको सिद्धान्तमा आधारित चुनावको प्रस्ताव** : अहिलेको बहसमा धेरैले उत्साहपूर्वक समानुपातिक प्रतिनिधित्त्वलाई प्रस्तावित र समर्थन गर्ने गरेको देखिन्छ । समानुपातिक प्रतिनिधित्त्वको कुरा गर्दा अगाडि सार्ने गरिएको प्रक्रिया अनुसार व्यक्तिले हैन दलहरुले मात्र चुनाव लड्ने छन् । प्राप्त प्रतिशत मतको आधारमा दलहरुले आफ्ना सदस्यहरुलाई प्रतिनिधित्त्व गर्न पठाउने छन् । सुन्दा आकर्षक लाग्ने यस प्रस्तावमा पनि त्यत्तिकै गम्भीर त्रुटिहरु छन् । के संविधानसभाको निर्वाचनमा राजनैतिक दलहरु बाहेक व्यक्ति र नागरिक समाज लगायत अन्यको सहभागिता आवश्यक छैन ? उनीहरु स्वयंलाई प्रस्तुत गरेर जनता समक्ष प्रतिनिधित्त्वका लागि उभिन पाउनु अनुपयुक्त हुनेछ ? के जनतासंग दलहरुबारे मात्रै अभिमत लिनु आवश्यक छ ? जनताको नाममा प्रतिनिधित्त्व गर्ने अवसर पाउनेहरुबारे अभिमत लिनु आवश्यक छैन ? के अहिलेसम्म दलका नेताहरुबाट हुने गरेको व्यक्तिहरुको मूल्याङ्कन स्वीकार गर्ने खालको रहेको छ । के दलहरुको सुन पानीले सबै चोखो हुने र वक्र दृष्टिले ओइलिने कुरामा हामी सहमत छौं ? यस्ता प्रश्नहरुको जवाफ यस प्रस्तावबाट आइरहेको देखिन्न ।

मधेसी र पहाडका दलित तथा जनजातिहरु शदीयौंदेखि पक्षपातका शिकार छन् र अवसरमा बेइमानी गर्ने नीयतबाट विभिन्न सामाजिक-राजनैतिक षडयन्त्रकारी सूत्रहरु तयार पारी यिनीहरु जर्बजस्ती पछाडि पारिएको छ । मधेसी र पहाडका दलित तथा जनजातिहरुलाई समावेशीकरणको सबभन्दा बढी आवश्यकता छ । तर यिनीहरु अपेक्षित रुपमा संगठित भने छैनन् । यिनीहरु राजनैतिक रुपमा सबल र संगठित भएका भए दलहरुको आधारमा हुने चुनावबाट पनि अपेक्षित प्रतिनिधित्त्व गर्न सक्थ्ये होला । समानुपातिक प्रतिनिधित्त्वको आधारमा चुनाव भयो भने दलहरुको प्राथमिकता क्रमको नामावली यस्तो चालाकीपूर्वक तयार हुनेछ कि मधेसी र पहाडका दलित तथा जनजातिहरुका २-४ जना बाहेक अपेक्षित प्रतिनिधित्त्व सम्भव हुन सक्दैन ।

समानुपातिक निर्वाचन प्रणालीमा देशको सम्पूर्ण भूखण्डलाई भूगोल, संस्कृति र सबैभन्दा बढी विकासको स्थितिको आधारमा छुट्याएर त्यस क्षेत्रभित्र परेका मतहरुका प्रतिशतका हिसाबमा सम्बन्धित क्षेत्रकै प्रतिनिधित्त्व ग्यारण्टी गरेर समावेशीकरणको स्थितिलाई मजबूत बनाउन सकिन्छ तर तैपनि यसमा दलहरुले मात्र भूमिका खेल्न पाउने छन् । लोकतन्त्रमा व्यक्तिहरुलाई आफ्नो विचार लिएर जनताका बीचमा जाने अधिकार छ, जसको प्रत्याभूति यस प्रणालीमा देखा पर्दैन ।एकल संक्रमणीय समानुपातिक प्रक्रिया अत्यन्तै जटिल भएकोले वर्त्तमानमा आम निर्वाचनको प्रयोजनका लागि लागू गर्न सकिन्न ।

प्रत्येक १० वर्षमा निर्वाचन क्षेत्रहरुको पुनर्विभाजनको संवैधानिक व्यवस्थाले गर्दा विस्तारै पहाडी जिल्लाहरुमा १-१वटा मात्र सीट रहने लगभग तय छ । पहाडको जनसंख्या मधेसमा लगातार सरेर आइरहेका छन् । यसबाट मधेसको जनसंख्या अस्वाभाविक रुपमा बढिरहको छ, यसको सांस्कृतिक विशिष्टतामाथि आँच आइरहेको छ भने अर्को तिर जनसंख्याको हिसाबले हुनु पर्ने प्रतिनिधिहरुको संख्या लगातार कम भइरहेको छ ।[♥] पहाडमा जतिसुकै थोरै जनसंख्या भए पनि एकजना प्रतिनिधि हुने अव्यवहारिक व्यवस्थाले कमै जनसंख्यामा १ जना प्रतिनिधि पठाउन सकिने भएतापनि पहाडको कुल प्रतिनिधित्त्व पनि घट्दो छ । मधेस जति-जति प्रतिनिधित्त्वको मामिलामा जागरुक हुँदै जान्छ पहाडी प्रतिनिधित्त्वको संख्या प्रभावित हुँदै जानेछ । यसबाट राष्ट्रीय राजनैतिक पार्टीहरु लगायत पहाडका बौद्धिक समुदाय चिन्तित देखिन्छन् । समानुपातिक निर्वाचन प्रणालीको वकालत गर्नेहरु यिनै दुईवटा कुराबाट बढी प्रभावित देखिन्छन् ।

राजनैतिक दलहरुले विगतमा २५ वर्षसम्म निर्वाचन क्षेत्रहरुमा कुनै परिवर्त्तन नगर्ने सहमति निर्वाचन आयोगमा २००१को जनगणना पछिको बैठकमा गरिसकेका छन् । यसले मधेसको जनताप्रति अन्याय मात्र भएको छैन प्रत्येक जनगणनापछि निर्वाचन क्षेत्रमाथि पुनर्विचार गर्ने संवैधानिक व्यवस्थाको खुला उल्लंघन पनि भएको छ । यस्तो

---

[†] District Demographic profile of Nepal, Informal Sector Research & Study Centre, 2002, Kathmandu, Nepal

[♥] हेर्नोस् राजेन्द्र श्रेष्ठ : राज्यको पुर्नसंरचना र समावेशी लोकतन्त्रका आधारहरु - नेपालको सन्दर्भमा राज्यको पुर्नसंरचना, सम्पादकः सीताराम तामाङ पेज १९

निर्णयमाथि संवैधानिक उपचारको व्यवस्था छैन र त्यसकारण कहीं उजुर हुन सकेन । तर नेपालको निर्वाचन आयोग पनि मधेसी जनताको खिलापमा सक्रिय रहेको यसबाट प्रष्ट भयो ।

नेपालमा रहेको क्षेत्रीय विविधता र तिनको समस्यालाई सम्बोधन नगरी जातिय विभाजन र संघर्षलाई चर्काइ फाइदा उठाइ राख्ने मानसिकता यहाँ बढी देखिन्छ । **फोड र राज्य गर** को सूत्रमा विश्वास गर्नेहरु आफ्नो परम्परागत शैलीमा विश्वास जारी राखेका छन् । यसबाट एउटा समूहको वर्चस्वलाई केही वर्षसम्म लम्ब्याउन सकिन्छ होला तर यसले देशको स्थिति अझै विस्फोटक बनाउनु सिवाय कुनै सकारात्मक उपलब्धि दिन सक्दैन ।

राष्ट्रीय दलहरु समानुपातिक चुनाववाट भलेहिं फाइदा लिने सपना देखुन ; तर समानुपातिक प्रतिनिधित्त्वको यस्तो व्यवस्थाले यिनको जनाधार मधेस तथा पहाडका दलित र जनजातिहरुबीचबाट निश्चितै खुस्काइ दिनेछ । यसले समावेशीकरणको प्रतिक्षामा रहेका मधेस र पहाडका दलित तथा जनजातिहरुलाई पनि फाइदा हुने सम्भावना न्यून छ । राजनैतिक रुपमा सशक्त तवरले संगठित हुन नसकेको हुँदा हतार-हतारमा आफ्नो प्रतिनिधिको संख्या बढाउन यी आफ्ना क्षेत्रमा देखा पर्ने क्षेत्रीय राजनैतिक दलहरुतिर आकर्षित हुनेछन् अथवा छिन्न-भिन्न भएर अलमलिने छन् । यस्तोमा फाइदा प्रतिगमनकारी मतियारहरुले उठाउन सक्छन् । जनतालाई फँसाउने तिकडमी अनुभवको प्रयोग गरेर चुनावपछि एकैचोटी सतहमा संगठित भएर देखा पर्ने मौका उनीहरुले पाउन सक्छन् ।

# निष्कर्ष र सुझाव

## १. निर्वाचन क्षेत्रको निर्धारण:

संविधानसभाका लागि प्रतिनिधित्त्वको व्यवस्था गर्दा निम्न कुराहरु माथि ध्यान दिनु आवश्यक छ –

- निर्वाचन क्षेत्रहरुको निर्धारण औसत जनसंख्यामा आधारित हुनु पर्छ । अहिले जिल्ला विभाजन र प्रत्येक जिल्लामा कमसेकम एक जना प्रतिनिधि निर्वाचित हुने व्यवस्थाले गर्दा बढी जन-घनत्त्व भएका जिल्लाहरु मारमा परेका छन् । अतएव जिल्ला अथवा अन्य कुनै नामले नयाँ किसिमबाट प्रशासनिक इकाइको पुनर्निर्धारण आवश्यक छ जसले गर्दा त्यस्तो प्रत्येक इकाइबाट कम्तीमा एक वा एक भन्दा बढी प्रतिनिधि जाने ग्यारण्टी पनि होस् तर निर्वाचन क्षेत्रहरुमा औसत जनसंख्या लगभग बराबर रहोस् ।
- निर्वाचन क्षेत्रहरुको निर्धारण भौगोलिकता, संस्कृति, भाषा आदिलाई ध्यानमा राखेर हुनु पर्दछ ।
- क्षेत्रीय विकासमा देखिएको असन्तुलन, भाषा र संस्कृतिप्रति विगतमा देखाइँदै आइएको विभेद, राजनैतिक समाजिक र आर्थिक अवसरको वितरणमा अहिलेसम्म कायम रहेको पहाडका ब्राह्मण, क्षेत्री-ठकुरी र नेवारको वर्चस्वलाई ध्यानमा राखेर मधेस र पहाडका जनताबाट राज्यको पुनर्संरचना तथा संघीय शासनको माग जोडदार रुपमा उठिरहेको छ । राजनैतिक दलहरुले यस मागको पछाडिका जायज कारणहरुलाई दृष्टिगत गर्दै राज्यको पुनर्संरचनाको आवश्यकतालाई स्वीकारेका पनि छन् । संविधानसभाका लागि निर्वाचन क्षेत्रहरुको निर्धारण गरिंदा जनताको यस भावनालाई महत्त्व दिइनु पर्दछ जसले गर्दा यो विभाजन अपेक्षित संघीय संरचनाको मार्ग समेत प्रशस्त गरोस् ।
- संविधानसभाका लागि निर्वाचन क्षेत्रहरुको निर्धारण क्षेत्रीय प्रतिनिधित्त्वको आवश्यकतालाई मनन गरिंदे गरिएको हुनु पर्दछ जसले गर्दा आगामी दिनमा सम्बन्धित क्षेत्रकै उम्मेदवारहरु खडा गर्न राष्ट्रीय राजनैतिक दलहरुमाथि दबाब बढोस् ।

माथि उल्लेखित बूँदाहरुलाई ध्यानमा राखी संविधानसभामा प्रतिनिधित्त्वका लागि FPTP‡ प्रक्रिया नै उपयुक्त हुने देखिन्छ । तर निर्वाचन क्षेत्रहरु जिल्लाका आधारमा होइन त्यसभन्दा नीकै बढी क्षेत्रफल ओगट्को क्षेत्रीय विविधतालाई ध्यानमा राखी बनाइएको प्रदेश र प्रखण्डको आधारमा हुनु पर्दछ । यसले –

- सबै निर्वाचन क्षेत्रहरुका जनसंख्या स्वीकार्य औसत जनसंख्यामा आधारित गर्न सकिनेछ ।
- निर्वाचन प्रणाली सरल, सुगम्य तथा कम खर्चिलो हुनेछ ।
- प्रदेश र प्रखण्डमा गरिएको क्षेत्रीय विभाजनले त्यस क्षेत्रमा क्षेत्रीय प्रतिनिधित्त्वलाई बढाउनेछ । राजनैतिक दलहरुलाई त्यसै क्षेत्रका रैथाने वासिन्दाहरुलाई उम्मेदवार बनाउन बाध्य हुँदै जानेछन् । यसले क्षेत्रीय स्तरमा गुणात्मक राजनैतिक संगठनलाई समेत प्रोत्साहित गर्नेछ ।
- संविधानसभाको निर्वाचनमा राजनैतिक दलहरुको मात्र होइन व्यक्तिको अथवा राजनैतिक दल बाहेकका समूह/संगठनले पनि क्षमता अनुसारको भूमिका खेल्न पाउनेछन् ।

‡ First past the post

- मतदाताले आफूले मत हाल्ने विचार वा धारणालाई बुझ्नुका साथै त्यस क्षेत्रबाट उक्त विचार वा धारणालाई बोक्ने व्यक्तिलाई समेत चिन्न सक्नेछन् तथा यसबाट प्रतिनिधित्वको सन्दर्भमा मूल्याङ्कन गर्न मतदातालाई सजिलो हुनेछ ।

यहाँ प्रस्तुत सुझाव देशलाई मधेस, पश्चिमोत्तर प्रदेश, पूर्वोत्तर प्रदेश र काठमाण्डौ गरी जम्मा ४ प्रदेशहरुमा तथा **विराट, मिथिला, कपिलवस्तु, अवध,**(मधेस) **किरात, सैलुङ्ग, काठमाण्डौ, त्रिशुली, धौलागिरि** र **कर्णाली** (पहाड) गरी १० प्रखण्डमा विभाजित गर्ने प्रस्ताव अघि सार्दछ ।




चित्र १

मानौं नेपालको जनसंख्या सन् २००६मा २५७६६९४१[*] छ र संविधानसभामा २०५ वटा सीटहरु रहने व्यवस्था छ भने प्रति सीट औसत जनसंख्या १२५६९२ हुनेछ । एउटा निर्वाचन क्षेत्रका लागि मानक जनसंख्या १२५६९२ ± ८००० अर्थात १,१७,६९२ देखि १,३३,६९२ राखौं । यदि नेपालको विभाजन माथि लेखिए अनुसार १० प्रखण्डमा गरी प्रत्येक प्रखण्डका लागि निर्वाचन क्षेत्र छुट्याउने हो भने संविधानसभाका सदस्यहरुको निर्वाचन क्षेत्र निम्न बमोजिम हुनेछ -

| | | | |
|---|---|---|---|
| विराट प्रखण्ड | १९ | सैलुङ्ग प्रखण्ड | १४ |
| मिथिला प्रखण्ड | ४१ | त्रिशुली प्रखण्ड | २४ |
| कपिलवस्तु प्रखण्ड | २१ | काठमाण्डौ | १६ |
| अवध प्रखण्ड | २१ | धौलागिरि प्रखण्ड | १६ |
| किरात प्रखण्ड | १५ | कर्णाली प्रखण्ड | १८ |
| जम्मा २०५ | | | |

* जिल्ला-जिल्लाको २००६को जनसंख्या(CBS)मा वार्षिक बृद्धिदरको गणना गरी निकालिएको ।

| देश/प्रदेश/प्रखण्ड | जनसंख्या सन् २००६मा | सीट पहिले | सीट अब हुने | प्रति सीट जनसंख्या |
|---|---|---|---|---|
| **मधेस** | **१२७७७७०३** | **८८** | **१०२** | १२५२७२ |
| **विराट प्रखण्ड** | २४०७३६६ | **१८** | १९ | १२६७०३ |
| **मिथिला प्रखण्ड** | ५२०१८४६ | **३६** | ४१ | १२६८७४ |
| **कपिलवस्तु प्रखण्ड** | २५५३१३९ | **१७** | २१ | १२१५७८ |
| **अवध प्रखण्ड** | २६१५३५२ | **१७** | २१ | १२४५४१ |
| **पूर्वोत्तर प्रदेश** | **६७६०६१४** | **६४** | **५३** | १२७५५८ |
| **किरात प्रखण्ड** | **१९१०१७५** | **१८** | **१५** | १२७३४५ |
| **सैलुङ्ग प्रखण्ड** | **१७९०३१३** | **१६** | **१४** | १२७८८० |
| **त्रिशुली प्रखण्ड** | **३०६०१२६** | **३०** | **२४** | १२७५०५ |
| **काठमाण्डौ** | **२००५२१७** | **१२** | **१६** | १२५३२६ |
| **पश्चिमोत्तर प्रदेश** | **४२२३४०७** | **४१** | **३४** | १२४२१७ |
| **धौलागिरि प्रखण्ड** | **२०४०७७९** | **२१** | **१६** | १२७५४८ |
| **कर्णाली प्रखण्ड** | **२१८२६२८** | **२०** | **१८** | १२१२५७ |

यसरी निर्वाचन क्षेत्र विभाजन गर्दा प्रति सीट जनसंख्या १२१२५७ देखि १२७९८२ को बीचमा रहने छ ।* प्रतिनिधित्वको सवालमा अहिलेसम्म जनसंख्याको सन्दर्भमा देखा परिरहेका गुनासाहरुले उचित सम्बोधन भएको महशूस गरिनेछ ।

प्रदेशीय र क्षेत्रीय विभाजन अर्थात संघीय संरचनाले क्षेत्रीय र जातिय राजनैतिक संगठनहरुको मजबूत उपस्थितिलाई प्रोत्साहित गर्नेछ । राष्ट्रीय राजनैतिक पार्टीहरुमा समावेशीकरणका लागि अपेक्षित दबाबको सृजना हुनेछ । नेपालका राष्ट्रीय राजनैतिक पार्टीहरु प्रदेश र क्षेत्र स्तरमा संगठनका इकाइहरु तैयार गर्न बाध्य हुने छन् तथा स्वाभाविक रुपमा त्यसै प्रदेश र क्षेत्रका रैथाने वासिन्दाहरु प्रतिनिधित्वका अपेक्षित अवसर पाउनेछन् । राजनैतिक दलहरुबीच जाति, भाषा र संस्कृतिको आधारमा समावेशीकरणको सकारात्मक प्रतिस्पर्धा हुनेछ जसले गर्दा देश हरेक क्षेत्रमा समावेशी प्रतिनिधित्वतिर त्वरित हुनेछ ।

## २. निर्वाचन अगाडिको तयारी :

१. जनविद्रोह-२०६३ले राजतन्त्रबाट मुक्त लोकतान्त्रिक गणतन्त्र नेपालको पक्षमा अभिमत दिएको हुनाले नेपाललाई लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरण गर्दै नेपालका सात राजनैतिक दल र माओवादीबीच वार्त्ताको अन्तिम निष्कर्षको रुपमा लोकतान्त्रिक प्रतिस्पर्धाको सिद्धान्तमा आधारित गणतान्त्रिक अन्तरिम संविधान लागू गरिनु पर्दछ ।

२. अन्तरिम संविधानको घोषणाभन्दा पूर्व नै हतियारको व्यवस्थापन गरी भयमुक्त तथा स्पष्ट अभिव्यक्तिको वातावरणको निर्माण गरिनु पर्दछ ।

३. अन्तरिम संविधान जारी हुने घोषणाद्वारा नै माओवादी सहितको समावेशी प्रतिनिधित्वको नमूना प्रस्तुत गर्ने अन्तरिम सरकारको गठन हुनु पर्दछ । यस्तो सरकारमा मधेस, पहाडका जनजाति तथा दलित लगायत अन्यको जनसंखयाको आधारमा सहभागिताका साथै ५० प्रतिशत महिलालाई स्थान दिइनु पर्दछ । उदाहरण स्वरुप सो सरकारमा १८ जना मन्त्री भए ६ जना

* गाविस आदिको मिलान गर्दा मानक जनसंख्यामा घटबढ हुन सक्तछ ।

मधेसी र सो ६ जनामा ३ जना मधेसी महिला रहनु उपयुक्त हुनेछ । त्यस्तै अन्य जाति र क्षेत्रकामा पनि हुनु पर्दछ । यस्तो अन्तरिम सरकारको गठनले जनतामा भावी नेपालको रेखाचित्र अङ्कित हुनुका साथै निष्पक्षता र भयमुक्त वातावरणको प्रत्याभूति हुनेछ ।

४. संविधानसभा निर्वाचनको सशक्त अन्तर्राष्ट्रीय पर्यवेक्षणको व्यवस्था हुनु आवश्यक छ ।
५. संविधानसभाको निर्वाचनभन्दा पूर्व अनिवार्यतः नागरिकता समस्याको समाधान हुनु पर्दछ । मतदाता नागरिकता र मतदाता नामावली अद्यावधि गर्ने कार्य युद्ध स्तरमा चालिनु पर्दछ ।

## ३. संविधानसभाको कार्य-प्रक्रिया :

१. संविधानसभाको निर्वाचन सम्पन्न भएपछि नयाँ संविधान जारी भइ अर्को व्यवस्था नहुञ्जेलसम्म सार्वभौम नेपाली जनताको सम्पूर्ण शक्तिको श्रोत संविधानसभा नै हुने र यसले आफ्नो कार्य प्रणाली र अरु सम्पूर्ण प्रक्रियाको निर्धारण आफै गर्ने व्यवस्था हुनु पर्दछ ।

२. संविधानसभाको गठन भइसकेपछि सर्वप्रथम नयाँ संविधानका निमित्त जनताको अभिमत अनुसारको आधारभूत संवैधानिक सिद्धान्तहरु तय गरी संविधान लेखनका लागि आवश्यक ठानिएमा संविधानसभाबाटै संविधानको मस्यौदा तयार गर्न विशेषज्ञहरुको टोली गठन गर्न सकिने व्यवस्था रहनु उपयुक्त हुनेछ ।

३. संचार माध्यमहरुको सहयोगले देशभरिमा सार्वजनिक प्रसारको व्यवस्था गरी संविधानसभाले नयाँ संविधानको दफा-दफा माथि छलफल गरी विचारार्थ तय गरेको मस्यौदा आम जनतामा बहसको लागि प्रस्तुत गर्नु पर्दछ । यस्तो बहस द. अफ्रिकामा गरिए जस्तै संविधानसभाकै सदस्यहरुबाटै गाविस स्तरमा गरिनु नीकै उपलब्धिमूलक हुन्थ्यो । सो बहसका लागि तय खास र उपयुक्त अवधिको समाप्तिपछि आएका सुझावहरुमाथि छलफल गरी मात्र स्वीकृतिको प्रक्रिया अगाडि बढाउनु पर्दछ । अझ पारदर्शिताका लागि सम्बन्धित गाविसको सुझाव सार्वजनिक गरिने व्यवस्था राखिनु उपयुक्त हुनेछ ।

♣♣♣

## धन्यवाद :

१. अमरेश नारायण झा, कार्यपत्र - संविधानसभा र मधेश ।
२ उपेन्द्र यादव, कार्यपत्र - संविधानसभा र संघीय लोकतान्त्रिक गणतन्त्र ।
३ शीतल झा, कार्यपत्र- संविधानसभाक विषयमे बात ।
४. पिताम्बर शर्मा , नयाँ नेपाल, भावी नेपालको नागरिक पहल- २, २०६३को लोकतान्त्रिक गणतन्त्र नेपालको राजनीतिक प्रादेशिक स्वरुप विषयक पेनल बहस प्रस्तुत अवधारणा ।
५. राजेन्द्र श्रेष्ठ : राज्यको पुर्नसंरचना र समावेशी लोकतन्त्रका आधारहरु
६. सीताराम तामाङ - नेपालको सन्दर्भमा राज्यको पुर्न संरचना ।
७. District Demographic profile of Nepal, Informal Sector Research & Study Centre, 2002, Kathmandu, Nepal
८. CBS